# दानिएल
# *(DANIEL)*

## (मिशन समाचार सहित)

लेखकः
एलियाज ब्रासिल ड सुजा

भावानुवादकः
भजुराम तखाछेँ श्रेष्ठ

हिमालयन सेक्सन अभ सेभेन्थ-डे एडभेन्टिस्ट
सन् २०२० (बि.सं. २०७६)

ईन्टरनेट वेबसाईट : **www.nepalworks.com/bhajupurna**
http://www.sabbathschoolpersonalministries.org/article.php?id=78
**प्रतिलिपि अधिकार © जनरल कनफरेन्स अभ सेभेन्थ डे एडभेन्टिस्ट चर्च, साबथ स्कुल विभाग**
**सम्पादकः क्लिफोर्ड आर. गोल्डस्टाइन**

प्रथम संस्करण : २०७६ (ई.सं. २०२०)

**कम्प्यूटर लेआउट**
सुजीत कुमार साह

भाषा शुद्धीकरणः धन बहादुर पुलामी

भजुराम श्रेष्ठ, ☎ ९८१३१५४४३२
**bhajupurna@gmail.com**
(आन्तरिक प्रयोगको निम्ति मात्र)

प्रकाशक
उमेश कुमार पोखरेल
९८४४२२८६०६

यस अध्ययन पुस्तकमा तोकिएका बाइबलका केहि अंशहरू बाहेक बाइबलका अरू सम्पूर्ण अंशहरू नेपाली बाइबल सोसाइटीले छापेको **copyright @1997, 2006, 2009, 2011** पवित्र बाइबलबाट नेपाली बाइबल सोसाइटीको अनुमतिले उद्धृत गरिएका छन्। उक्त संस्थाको अनुमतिले नै पवित्र बाइबल (सरल नेपाली)बाट पनि अंशहरू उद्धृत गरिएका छन्।

# भूमिका

## दानिएल, युगको अन्तको अगमवक्ता

पश्चिमी मुलुकहरू उन्नाइसौं शताब्दीको अन्त्यपछि जब बिसौं शताब्दीमा प्रवेस गरे तब तिनीहरूमा अब त सबै ठाउँहरूमा हाम्रो सभ्यता असल हुनेछ भन्ने आशा फैलिएको थियो। विज्ञान र प्रविधिको अचम्म प्रकारले बिकास भयो। मानव समाज सुनौलो तथा आदर्श युगमा प्रवेश गर्दै थियो। आखिरमा युद्ध, रोगव्याधी, गरिबी र भोकमरीको अन्त्य हुनेछ भन्ने आशा मानिसहरूको मनमा जागेको थियो।

तर जब वास्तविक रूपमा हामी बिसौं शताब्दीमा प्रवेश गऱ्यौं तब त्यो आशा गलतमात्र नभएर कतिसम्म मूर्खतापूर्ण र बेकारको रहेछ भन्ने कुरा अहिले आएर प्रमाणित भएको छ। त्यही परिप्रेक्षमा जब कि हामी एक्काइसौं शताब्दीमा प्रवेश गरिरहदा त्यसमा पनि सुनौलो वा आदर्श भविष्यको बारेमा खासै सकारात्मक हुनुपर्ने अवस्था देख्दैनौं।

सांसारिक दृष्टिकोणले यस संसारलाई हेरियो भने यसको आकार झन् भत्किएको वा जीर्ण भइरहेको हामी देख्छौं।अझ विभिन्न वाद वा दर्शनहरूले राजनैतिक, सामाजिक र आर्थिक अवस्थाको सकारात्मक चित्रण नगर्नु मानव सभ्यताको निम्ति नै एउटा कहाली लाग्दो विषय हो। लोभ, अरूलाई दवाउने, हिंसा, प्रतिस्पर्धाको नाउँमा अरूको सम्पत्ति कब्जा गर्ने, अरूको मूल्यमा आफ्नो भाऊ खोज्ने प्रवृत्ति, शोषण गर्ने र अन्तमा आएर आफूले आफैलाई अनेकौं विकृति र गलत जीवनशैलीद्वारा आत्महत्या वा बिध्वंस गर्ने प्रवृत्तिले मानव समाज ग्रस्त भइरहेको हामी पाउँछौं। जब कि युगौं अघि हाम्रा पुर्खाहरू पनि त्यही भ्रष्ट प्रवृत्तिले गर्दा परमेश्वरले पठाउनु भएको पानीको विनाशमा परेका थिए। अझ हाम्रा महान् विज्ञान र प्रविधिहरूले मानिसहरूको सेवामा मात्र होइन तिनीहरूलाई लोभमा फसाउन, दवाउन, हिंसात्मक हुन, अरूमाथि जाइलाग्न, (मोबाइल जस्ता उपकरणहरूले मानिस मानिसको सम्बन्धलाई भत्काउने संस्कार), शोषण गर्न र विभिन्न गलत जीवनशैलीद्वारा आफूले आफैलाई नाश गरिरहेको हामी टुलुटुलु हेरिरहन वाध्य भएका छौं।

तर हामी बाइबलका विद्यार्थी भएको हैशियतले यस संसारमा भइरहेका ती घट्नाहरुले हामीलाई आश्चर्यमा पार्न सक्दैन। विशेष गरेर जब हामी यी पदहरू बाइबलमा भेट्दछौ "सबै थोकहरू भन्दा मानिसको हृदय छली

कपटपूर्ण र धोखेवाज छ। यो अत्यन्तै दुष्ट छ। यसको बारेमा कसले के भन्न सक्छ र?" (यर्मिया १७:९ रूपान्तरित) वा " राष्ट्रको बिरुद्धमा राष्ट्र, राज्यको बिरुद्धमा राज्य भिड्नेछन्। र त्यहाँ अनिकाल, रोगव्याधी र विभिन्न ठाउँहरूमा भूकम्प जानेछ" (मत्ती २४:७ रूपान्तरित)।

यद्यपि, यस्तो नैराश्य र भयावह परिस्थितिमा पनि हामीसँग दानिएलको पुस्तक छ। यस अध्ययन पुस्तकको विषयबस्तु अगमवक्ता दानिएलले लेखेको पुस्तकमा आधारित छ। युगको अन्तिम समयमा रहिरहेका हामी मानिसहरूको निम्ति यो पुस्तक अत्यन्तै समसामयिक, सान्दर्भिक र महत्त्वपूर्ण छ। यो पुस्तक हाम्रै युगको निम्ति लेखिएको भनेपनि हुन्छ। दानिएल आफैले "युगको अन्तको निम्ति" (दानिएल १२:९) वा ग्रीक भाषामा आयटगाटज *aytqatz,* भनेर भनेका छन्। दानिएलका पवित्र पानाहरूमा शक्तिशाली, तर्कयुक्त र विश्वासलाई बलियो बनाउने प्रमाणहरू छन्। यसले हाम्रो विश्वास परमेश्वरमाथि मात्र होइन प्रभु येशू र उहाँको क्रुसमाथिको विश्वासमा समेत अटल भइरहन सिकाउँछ।साथै दानिएलले उहाँको आगमनको प्रतिज्ञामात्र नभएर त्यसभन्दा पहिला हुने श्रृखलाबद्ध घट्नाहरूलाई पनि आफ्नो पुस्तकमा भविष्यवाणी गरेका छन्।

यो ध्यान दिएर सोच्नुहोस्। विशेष गरेर दानिएल २,७,८ र ११ अध्यायहरूमा क्रमबध्दरूपमा देहायका विश्व साम्राज्यको बारेमा उल्लेख गरिएको छः बेबिलोन, मिड-पर्सिया, ग्रीस, रोम र येशूको दोस्रो आगमनपछि हुने परमेश्वरको अनन्त राज्य। इतिहासको पानामा दानिएलले गरेको भविष्यवाणी अनुसार अहिले ठ्याक्क ठ्याक्क विश्व साम्राज्यहरूको उदय र पतन भइरहेका छन्। तर केही हदसम्म रोमी साम्राज्यको अवशेष त उनले भविष्यवाणी गरे अनुसार हामीसँग अहिले पनि छ। त्यो चाहिँ उनले चित्रण गरेको मूर्तिको पाइताला र खुट्टाका औंलाहरू हुन्। त्यो दानिएल २:३३,४१ मा चित्रण गरिएको छ। सयौं वर्ष अघि भविष्यवाणी गरिएका विभाजित रोमी साम्राज्य अहिले टुक्रिएका युरोप देशहरू हुन् भने उनैले भविष्यवाणी गरेका रोमन क्याथोलिक चर्चको अस्तित्व अहिलेसम्मै छ। बाइबलका भविष्यवाणीहरू कुनै निश्चित राष्ट्र र जातको निम्ति नभएर विस्तृत विश्वको निम्ति हो। यो विश्वको इतिहास जस्तै ठोस छ। बेबिलोन, ग्रीस र सुरूमा रोमी साम्राज्यको समयमा रहेका मानिसहरूले अहिले हामीले पाएको ज्ञान प्राप्त गर्ने सौभाग्य पाएका थिएनन्।

हामी भविष्यवाणीको समयको तस्बिर भित्र छौं र दानिएलले भविष्यवाणी गरे अनुसार बेबिलोन, मिड-पर्सिया, ग्रीस र रोमी साम्राज्यको बारेमा उनले गरेको भविष्यवाणी ठ्याक्कै मिलेको देख्न सकेका छौं। त्यसैले अब बाँकी एउटा राज्यको बारेमा उनले भने अनुसारै ठ्याक्कै हुनेछ भनेर हामी अझ ढुक्क हुन सक्छौं। त्यो राज्य हो, परमेश्वरको अनन्तको राज्य जुन येशूको दोस्रो आगमनपछि हुनेछ।

हो, विशेष गरेर हामी सेभेन्थ-डे एडभेन्टिस्टको निम्ति दानिएलको पुस्तक अत्यन्तै प्रभावकारी र परमेश्वरमाथिको विश्वास तथा आस्थालाई थामी राख्ने आधार भइरहेको छ। विशेष गरेर दानिएल ८:१४को साथै यस पुस्तकका पानाहरूमा सेभेन्थ-डे एडभेन्टिस्टको अस्तित्वको आधारभूत औचित्य यसरी लुकेको छः "दुई हजार तिनसय वर्षपछि पवित्र स्थानको शुद्धीकरण गरिनेछ" (रूपान्तरित)। यो पद दानिएल ७:२२,२६,२७सँग मिल्दछ। यी पदहरूमा स्वर्गको महान् न्यायको आसनको दृश्य देखाइएको छ जुन् न्याय "सर्वोच्च परमेश्वरका सन्तहरूको पक्षमा गरिएको छ" र परमेश्वरको अनन्तको राज्यको स्थापना हुनेछ। त्यो राज्य यस संसारको जतिसुकै मैहुँ भनेर घमण्ड गर्ने नाशवान साम्राज्यहरूभन्दा अत्यन्तै फरक हुनेछ। जुन राज्य सदासर्वदा रहिरहनेछ।

यद्यपि, विश्व इतिहासको मानचित्र झल्काउने चित्रसँगसँगै हामी चर्च र व्यक्तिगतरुपमा येशूसँग कति नजिक हुन सक्छौं भनेर दानिएलको पुस्तकले देखाउँछ। सम्राट् नबुकदनेसरको सपनादेखि दानिएललाई सिंहहरूको खोरबाट उद्धार गरेको कथाले परमेश्वर कति अपार हुनुहुन्छ भनेर देखाउँदछ। उहाँ अपार भएसँगै उहाँ त्यतिकै रुपमा हाम्रो नजिक पनि हुनुहुन्छ भनेर त्यस पुस्तकले बताउँदछ। परमेश्वरको खिस्सी उडाउने विधर्मी राजा बेलशजरलाई दानिएलले स्पष्टरूपमा यसरी सुनाएका थिए, "तपाईंको सास उहाँको हातमा छ र हजुरको सबै मार्गहरू उहाँको अधीनमा छ" (दानिएल ५:२३ रूपान्तरित)।

*यस पुस्तकको लेखक एलियाज ब्रासिल ड सुजा हुनुहुन्छ जो सेभेन्थ-डे एडभेन्टिस्ट विश्वको मुख्यालय जनरल कन्फरेन्सको बिब्लिकल रिसर्च इन्स्टिच्युटको निर्देशक हुनुहुन्छ। उहाँले पुरानो करारलाई व्याख्या गर्ने विषयमा र धर्मदर्शनमा आन्द्रयु युनिभर्सिटीबाट बिशारद अर्थात पीएचडी गर्नुभएको छ।*

# विषयसूची


| अध्याय | | पृष्ठ |
|---|---|---|
| १. | पढ्दै बुझ्दै | १ |
| २. | यरुशलेमदेखि बेबिलोनसम्म | १७ |
| ३. | रहस्यदेखि प्रकट वा प्रकाशसम्म | ३८ |
| ४. | आगोको भट्टीदेखि दरवारसम्म | ५६ |
| ५. | घमण्डीपनबाट नम्रतातर्फ | ७३ |
| ६. | अहङ्कारितादेखि बिनाशसम्म | ८८ |
| ७. | सिंहहरूको खोरदेखि स्वर्गदूतहरूको... | १०३ |
| ८. | भयाबह आँधीले छचल्काएको समुद्रदेखि स्वर्गका | ११८ |
| ९. | प्रदुषित वातावरणवाट शुद्धता तर्फ | १३४ |
| १०. | पश्चातापदेखि सान्त्वनासम्म | १४७ |
| ११. | युद्धदेखि विजयसम्म | १६४ |
| १२. | उत्तर दक्षिणदेखि सौन्दर्यात्मक भूमिसम्म | १७९ |
| १३. | धुलोदेखि चम्किने ताराहरूसम्म | १९४ |

# अस्थायी पाना

<u>सुझाव:</u> त्रैमासिक अध्ययन चेत्र १५, २०७६ (मार्च २८, २०१९) पछि आफ्नो इच्छा अनुसार यो पाना च्याति दिनुहोला। प्रत्येक अध्याय शनिवार बेलुकादेखि शुक्रबार बेलुकासम्मको अध्ययन तिथि तोकिएको छ। तद्अनुसार जब यो अध्ययन चर्चमा सिकाउनु पर्दा प्रत्येक शुक्रबार सम्म अध्ययन गरेको अध्याय शनिबार बिहान अर्थात साबथमा सिकाउनु होला। याद गर्नुहोस्, यस अध्ययन पुस्तिकालाई बाइबलको हस्तपुस्तिकाको रूपमा उपयोग गर्नु हुन सुझाव गरिन्छ। अरूलाई बाइबल सम्वन्धी शिक्षा दिनु यो अत्यन्त उपयोगी श्रोत हो।

| | | |
|---|---|---|
| १ | अध्याय १ | पुस १२-१८ (डिसेम्बर २१-जनवरी ३) |
| २ | अध्याय २ | पुस १९-२५ (जनवरी ४-१०) |
| ३ | अध्याय ३ | पुस १२-२६ माघ ३ (जनवरी ११-१७) |
| ४ | अध्याय ४ | माघ ४-१० (जनवरी १८-२४) |
| ५ | अध्याय ५ | माघ ११-१७ (जनवरी २५-३१) |
| ६ | अध्याय ६ | माघ १८-२४ (फेब्रुरी १-७) |
| ७ | अध्याय ७ | माघ २५-फाल्गुन २ (फेब्रुरी ८-१४) |
| ८ | अध्याय ८ | फाल्गुन ३-९ (फेब्रुरी १५-२१) |
| ९ | अध्याय ९ | फाल्गुन १०-१६ (फेब्रुरी २२-२८) |
| १० | अध्याय १० | फाल्गुन १७-२३ (फेब्रुरी २९-मार्च ६) |
| ११ | अध्याय ११ | फाल्गुन २४-३० (मार्च ७-१३) |
| १२ | अध्याय १२ | चैत्र १-७ (मार्च १४-२०) |
| १३ | अध्याय १३ | चैत्र ८-१४ (मार्च २१-२७) |